शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ८ २३ पौष २०८२

## भाग-२

शिवालय गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालयको

सूचना

# फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने अधिकारको प्रत्याभूत गरेको छ। वर्तमान परिप्रेक्ष्यमा सभ्यताको महत्वपूर्ण मापदण्ड सरसफाई भएकोले र स्वस्थ रहनका लागि स्वच्छ वातावरणको आवश्यकता पर्ने भएको

हुँदा फोहरमैलालाई स्रोतमा नै न्यूनीकरण तथा पुनःप्रयोग, प्रशोधन वा विसर्जन गरी फोहरमैलाको प्रभावकारी व्यवस्थापन गर्न र प्रदुषणमुक्त वातावरण कायम राखी गाउँपालिकाको दिगो विकासमा टेवा पुर्याउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) र फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ५१ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिवालय गाउँपालिकाले "शिवालय गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२" तर्जुमा गरी लागु गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "शिवालय गाउँपालिका फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि शिवालय गाउँ कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा सूचना प्रकाशन भएको मितिदेखि तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले शिवालय गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ख) "उपाध्यक्ष" भन्नाले शिवालय गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ग) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ज) "कन्टेनर" भन्नाले फोहरमैला सङ्कलन गर्ने प्रयोजनको लागि निश्चित स्थानमा राखिएको फोहरमैला थुपार्ने भाँडो, बाकस, बाल्टिन वा यस्तै प्रकारको अन्य कुनै वस्तु सम्झनु पर्दछ र सो शब्दले कम्पोष्ट मल उत्पादन गर्न राखिएको भाँडो समेतलाई जनाउछ।

(घ) "कार्यपालिका" भन्नाले शिवालय गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका सदस्य" भन्नाले शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले शिवालय गाउँ कार्यपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(छ) "कार्यविधि" भन्नाले शिवालय गाउँपालिकाको फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्दछ।

(ज) "गाउँपालिका" भन्नाले शिवालय गाउँपालिका सम्झनु पर्दछ।

(झ) "ढुवानी" भन्नाले सङ्कलित फोहरमैला उत्पादन स्थलबाट सङ्कलन केन्द्र र सङ्कलन केन्द्रबाट गाउँपालिकाले तोकेको स्थानसम्म लैजाने कार्यलाई सम्झनु पर्दछ।

(ञ) “निष्काशन” भन्नाले फोहरमैला उत्पादन स्थलबाट गाउँपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्दछ।

(ट) “प्रदूषण” भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास वस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव परी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुर्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुर्याउने क्रियाकलाप सम्झनु पर्दछ।

(ड) “पुनःचक्रीय प्रयोग” भन्नाले प्रविधिको प्रयोगद्धारा सङ्कलित फोहरमैलालाई कच्चा पदार्थकमा रुपान्तरण गरी उपयोगी वस्तुको रुपमा विकास गरी पुनःप्रयोगमा ल्याउने कार्य सम्झनु पर्दछ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शिवालय गाउँपालिकाको गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(ण) “प्रशोधन” भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादन गरी फोहरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्दछ।

(त) “प्रशोधन” भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, ऊर्जा वा अन्य वस्तु उत्पादनका लागि कार्य सञ्चालन गर्ने स्थान सम्झनु पर्दछ।

(थ) "फोहरमैला" भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला र हानिकारक फोहरमैला सम्झनु पर्दछ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका, गाडी मर्मत र गाडी धुलाईबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनधिकृत रुपमा सार्वजिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएको अन्य वस्तु समेतलाई जनाउने छ।

(द) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै स्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीव, जन्तु एवं वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनि तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा वस्तुलाई सम्झनु पर्दछ।

(ध) “वडा” भन्नाले शिवालय गाउँपालकाका वडाहरु सम्झनु पर्दछ।

(न) “विसर्जन” भन्नाले फोहरमैलाको अन्तिम निस्काशन तथा व्यवस्थापन सम्झनु पर्दछ।

(प) “स्वास्थ्य संस्थाजन्य फोहरमैला” भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्दछ।

(फ) “हानिकारक फोहरमैला” भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने, मानव तथा अन्य जीवजन्तुको स्वास्थ्यमा हानि नोक्सानी पुर्याउने विभिन्न रुपमा निष्काशित वस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनु पर्दछ।

## परिच्छेद-२

## फोहरमैला निर्देशक तथा व्यवस्थापन समिति

**३. फोहरमैला निर्देशक समितिः** (१) गाउँपालिकाको फोहरमैला व्वस्थापन सम्बन्धी कार्य सुचारु एवं सुव्यवस्थित रुपले संचालन गर्न आवश्यक निर्देशन एवं सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

, (क) गाउँपालिकाको अध्यक्ष- अध्यक्ष

(ख) गाउँपालिकाको उपाध्यक्ष- उपाध्यक्ष

(ग) वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ङ) गाउँपालिका भित्र स्थापित प्रहरी चौकीको प्रतिनिधि सदस्य

(च) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख सदस्य

(ज) गैर सरकारी संस्थाहरु मध्येबाट एक जना सदस्य

(ज) कार्यालयको फोहरमैला व्यवस्थापन शाखा हेर्ने शाखा प्रमुख सदस्य सचिव

(२) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक समितिको अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउने छ।

(३) उपदफा (१) बमोजिम गठित निर्देशिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः,

(क) फोहरमैला व्यवस्थापनका लागि आवधिक तथा वार्षिक योजनाहरु तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र समीक्षा गर्ने।

(ख) वातावरण संरक्षण र फोहरमैला व्यवस्थापन ऐन र नियमले दिएको अधिकार प्रयोग गरी आवश्यक कार्य गर्ने।

(ग) फोहरमैला व्यवस्थापनमा क्रमशः स्यानीटरी ल्याण्डफिलको अवधारणा अनुसार कार्य गर्ने।

(घ) ल्याण्डफिल साइट निश्चित समय पछि भरिने हुँदा भरिएका साइटहरुलाई पार्क, उद्यान, गार्डेन आदिका रुपमा विकास गर्ने तथा बैकल्पिक ल्याण्डफिल साइटहरुको खोजी गरी तिनीहरुको संभावनाको अध्ययन गर्ने।

(ङ) फोहरमैला व्यवस्थापनमा गैर सरकारी संस्थाहरु, निजी क्षेत्र र समुदायहरुको संलग्नता बढाउन आवश्यक नीति तय गर्ने।

(च) ल्याण्डफिल साइटको प्रभावित क्षेत्रका बासिन्दाको लागि विशेष कार्यक्रम संचालन गर्न स्रोतको व्यवस्था गर्ने।

(छ) ल्याण्डफिल साइटलाई प्रदुषण शुन्य बनाउन प्रयास गर्दै त्यसका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गर्न आवश्यक व्यवस्था मिलाउने।

(ज) जैविक फोहरबाट ऊर्जा, बायोग्यास एवं कम्पोष्ट मल बनाउने तथा प्लाष्टिक, धातु आदिलाई पुनः प्रयोग गर्न आवश्यक व्यवस्था गर्ने।

(झ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा प्रचलित ऐन कानून तथा कार्यविधिले तोकेको मापदण्ड पालना नगर्न उपर आवश्यक कारवाहीका लागि निर्देशन गर्ने।

(ञ) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने।

(ट) फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग समन्वय कायम गर्ने।

**<u>४. फोहरमैला व्यवस्थापन समितिः</u>** (१) वडाको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यहरु सुचारु एवं सुव्यवस्थित रुपले सञ्चालन गर्न, आवश्यक व्यवस्थापन एवं नियमन गर्न वडास्तरमा देहाय बमोजिमको फोहरमैला व्यवस्थापन समिति गठन हुनेछः-

(क) वडा अध्यक्ष- संयोजक

(ख) वडा समितिले तोकेको एक जना वडा सदस्य सदस्य

(ग) टोल विकास संस्थाको अध्यक्ष मध्येबाट एक जना महिला सहित दुई जना सदस्य

(घ) वडा समितिले तोकेको समाजसेवी वा सरसफाइ अभियान्ता मध्येबाट एक जना सदस्य

(ङ) वडामा रहेका उद्योगी व्यापारीहरु मध्येबाट एक जना सदस्य

(च) वडा सचिव सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिको संयोजक पुरुष भएमा वडा समितिले तोक्ने सदस्य महिला हुनु पर्ने वा महिला संयोजक भएमा वडा समितिले तोक्ने सदस्य पुरुष हुनु पर्नेछ।

(३) फोहरमैला व्यवस्थापन समितिको बैठक महिनामा एक पटक बस्नेछ। फोहरमैला व्यवस्थापन समितिको सम्पूर्ण सदस्य संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ। बैठकको निर्णय संयोजकले प्रमाणित गरी वडा समितिमा राख्नु पर्नेछ र गाउँपालिका वा निर्देशक समिति समक्ष पेश गर्नु पर्ने निर्णय भएमा वडा अध्यक्ष मार्फत गाउँपालिकामा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गठित फोहरमैला व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः,

(क) फोहरमैला व्यवस्थापन तथा वडालाई सफा र स्वच्छ वडा निर्माणका लागि अभियान र चेतनामूलक कार्यक्रम तर्जुमा गर्ने।

(ख) वडालाई वातावरण मैत्री तथा सफा र स्वच्छ वडा बनाउन आवश्यक बजेट व्यवस्थापन गर्न पहल गर्ने।

(ग) फोहरलाई स्रोतमै वर्गीकरण गर्ने व्यवस्था मिलाउन आवश्यक पहल गर्ने।

(घ) वर्गीकृत फोहर मध्ये अग्यानिक फोहरबाट कम्पोष्ट मल, प्लाष्टिकजन्य फोहरबाट हस्तकलाका सामग्री तथा अन्य प्रकृतिका फोहरलाई तीन आर

(3R= Reduce, Reuse & Recycle) को अवधारणा अनुसार व्यवस्थापन गर्ने।

(ङ) फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने स्रोत साधन र जनशक्तिको व्यवस्था गर्ने।

(च) फोहरमैला व्यवस्थापन तथा सरसफाइमा लगाइएको शुल्कको समीक्षा गर्दै त्यसमा समयोचित पुनरावलोकन गर्न निर्देशक समिति समक्ष सिफारिश गर्ने।

(छ) फोहरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन टोल विकास संस्थाहरुसँग सहकार्य गर्दै विशेष कार्यदल गठन गरी परिचालन गर्ने।

(ज) फोहर संकलन र व्यवस्थापन, सेवा क्षेत्र विस्तार तथा सेवा प्रवाहमा सुधारका लागि आवश्यक कार्य गर्ने।

(झ) फोहरबाट जनस्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरणका लागि विभिन्न बिकल्पहरुको खोजि गरी आवश्यक स्रोत व्यवस्थापन गर्ने।

(ञ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बाट प्रदत्त फोहरमैला तथा वातावरणसँग सम्बन्धित अधिकारहरुको प्रभावकारी कार्यान्वयन गर्ने।

(ट) फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने जनशक्तिको व्यवस्थापन गर्न वडा तहमा समन्वय गर्ने।

## परिच्छेद-३

## फोहरमैला व्यवस्थापन विधि प्रक्रिया

**५. फोहरमैला कम उत्पादन गर्नेः** (१) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने फोहरमैला यथासक्य कम गर्नु पर्नेछ।

(२) आफ्नो क्षेत्र भित्र विसर्जन हुन सक्ने फोहरमैलाको विसर्जन पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहरमैला मात्र निष्काशन गरी फोहरमैलाको परिमाण घटाउनु प्रत्यक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ। स्पष्टीकरणः “आफ्नो क्षेत्र” भन्नाले निजी घर कम्पाउण्ड, औद्योगिक क्षेत्रको परिसर, अस्पताल वा स्वास्थ्य संस्थाको परिसर, औद्योगिक प्रतिष्ठानको लगायत फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको परिसरलाई सम्झनु पर्छ।

**६. फोहरमैला पृथकीकरणः** (१) फोहरमैला व्यवस्थापन समितिले फोहरमैलालाई कम्तिमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्ने छ।

(२) उपदफा (१) बमोजिम तोकि दिए अनुसार फोहरमैलालाई स्रोतमै छुट्याई सङ्कलन केन्द्र वा ढुवानी साधनसम्म पुर्याउने दायित्व त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायको हुनेछ र यसको लागि गाउँपालिका तथा वडा समितिसँग भएको प्रविधि, मालसामान, उपकरण, कण्टेनर आदि उपलब्ध गराउन समन्वय गरेमा शुल्क लिई सहयोग गर्ने

**७. फोहरमैला निष्काशनः** (१) फोहरमैला निष्काशनको समय, स्थान र तरिका फोहरमैला व्यवस्थापन समितिले निर्धारण गरे बमोजिम

(२) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला गाउँपालिकाले समय समयमा निर्धारण गरेको प्रक्रिया बमोजिम व्यवस्थापन गर्नु पर्नेछ।

(३) हानिकारक फोहरमैला वा रासायनिक फोहरमैला सङ्कलन केन्द्र वा स्थानान्तरण केन्द्रमा निष्काशन गरी पुनः प्रयोगमा आउने फोहरमैलामा मिसाउन पाइने छैन।

(४) संरचना एवं घर निर्माण तथा मर्मत सम्भार गर्दा उत्सर्जन हुने फोहरको व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्सर्जनकर्ताको हुनेछ। त्यस्तो फोहरको व्यवस्थापनको लागि ढुवानी साधन आवश्यक परेमा अनुसूची १ बमोजिमको शुल्क बुझाई सेवा लिन सक्नेछ।

(५) शौचालयको लेदो जथाभावी फाल्न पाइने छैन। शौचालय प्रयोगकर्ताले अर्को खाल्डो खनेर पुर्नु पर्नेछ।

## परिच्छेद-४
## फोहरमैला व्यवस्थापन सेवा शुल्क

**<u>८. सेवा शुल्क उठाउने:</u>** (१) गाउँपालिका वा वडा कार्यालयले फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट अनुसूची-१ बमोजिम सेवा शुल्क लगाई उठाउनेछ।

(२) पहिलो आ.व. २०८१।८२ का लागि उपदपा (१) बमोजिमको शुल्क दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ। तत्पश्चात शुल्कको दर निर्धारण फोहरमैलाको परिमाण, तौल तथा प्रकृति र गाउँ सभाबाट तोकिए बमोजिम गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले वा टोल विकास संस्था वा अन्य संघ संस्था, फर्म मार्फत उठाउन सक्नेछ। यसरी सेवा शुल्क असुलीमा परिचालन हुने संस्था वा फर्मलाई गाउँपालिकाको स्वीकृतीमा तोके बमोजिम व्यवस्थापन खर्च उपलब्ध गराउन सक्नेछ।

(४) यस दफा बमोजिम सेवा शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने आम्दानी गाउँपालिका वा वडा कार्यालयले गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। सो रकम तोकिएको मापदण्डको अधिनमा रही गाउँपालिकाको फोहरमैला व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्वस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा गाउँपालिकाबाट कार्यक्रम स्वीकृत गराई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले खर्च गर्नेछ।

(५) देहायको अवस्थामा गाउँपालिका वा वडा कार्यालयले सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ:-

(क) फोहरमैला व्यवस्थापन समितिको सिफारिशमा गाउँपालिकाले यस दफा बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन

सम्बन्धी सेवा र गाउँपालिका वा सम्बन्धित वडा कार्यालयबाट उपलब्ध हुने अन्य सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ।

(ख) फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०६८ (संशोधन २०७५) बमोजिम जिम्मेवारी पाएको व्यक्ति, संस्था वा निकायलाई यस दफा बमोजिमको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा गाउँपालिका वा वडा  कार्यालयको निर्देशनमा निलम्बन वा अन्तच्य गरिएमा सोको जानकारी गाउँपालिका वा सम्बन्धित वडा कार्यालयलाई गराउनु

(ग) खण्ड (क) र खण्ड (ख) बमोजिम सेवा निलम्बन वा अन्त्य गरिएको अवस्थामा घर, पसल, उद्योगबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन सम्बन्धित घरधनी/संचालक आफैले गर्नु पर्नेछ।

(घ) सेवाग्राहीले यस दफा बमोजिमको बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा निज वा निजको एकाघरको परिवारका नाममा रहेको एकिकृत सम्पति कर (मालपोत तथा भूमि कर) वा व्यवसाय कर खातामा प्रविष्ट गरी सेवा शुल्क असुल गरिनेछ।

(ङ) सेवाग्राहीले यस दफा बमोजिमको बुझाउनु पर्ने सेवा शुल्क बाँकी बक्यौता बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ।

## परिच्छेद-५

## कसुर, सजाय तथा कार्वाही प्रक्रिया

**९. कसुरः** कसैले देहायको कुनै काम गरेमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ (पहिलो संशोधन २०७५) र यस कार्यविधि बमोजिम कसूर गरेको मानिनेछः-

(क) फोहरमैला व्यवस्थापन समितिले तोकिदिएको समय र स्थानमा बाहेक अन्यत्र फोहरमैला निष्काशन गर्ने,

(ख) कण्टेनर वा फोहरमैला सङ्कलन केन्द्रमा राखिएको फोहरमैला अनधिकृत तवरले प्रयोग गरेमा,

(ग) फोहरमैला सङ्कलन केन्द्रमा राखिएको कण्टेनर तोडफोड गर्ने, क्षति पुर्याउने, राखिएको स्थानबाट हटाउने वा सङ्कलन केन्द्रमा कुनै नोक्सानी पुर्याउने,

(घ) फोहरमैला व्यवस्थापन ऐन, २०६८ (पहिलो संशोधन २०७५) र यस कार्यविधि बमोजिम अनुमति नलिई फोहरमैला व्यवस्थापनको कार्य गरेमा,

(ङ) फोहरमैला व्यवस्थापनको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उल्लङ्घन गर्ने,

(च) चफोहरमैला सङ्कलन केन्द्र, कण्टेर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि किसिमको हानिकारक पदार्थ फाल्ने वा राख्ने वा थुपार्ने,

(छ) घर, कम्पाउण्ड तथा परिसरको फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने तथा घर एवं संरचना निर्माण तथा मर्मत संचार गर्दाको सामग्री अनुमति वेगर सडक एवं सार्वजनिक स्थलमा राखेमा,

(ज) फोहरबाट निस्केको दूषित पानी (लिचेट) वा शौचालयको लेदोलाई सतह वा ढल वा अन्य व्यक्तिको घर वा जग्गा प्रदूषित गराउने, अनुमति वेगर वर्कसप संचालन गर्ने तथा वर्कसपको फोहर पानी जथाभावी नालामा मिसाउने,

(झ) सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाई तथा फोहरमैला सङ्कलन गर्न गाउँपालिका वा वडा कार्यालयले तोकेको समय वा सफाई गर्दाको समयमा त्यस्तो ठाउँमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई राखेको सवारी साधन हटाउन इन्कार गरेमा,

(ञ) गाउँपालिकाले तोकेको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजिनक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्ने,

(ट) रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फल्ने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ठ) औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फाल्ने, जलाउने, राख्ने वा निष्काशन गर्ने वा गराउने,

(ड) फोहरमैला सङ्कलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सिर्जना गर्ने,

(ढ) फोहरमैला सङ्कलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गर्ने वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गर्ने,

(ण) फोहरमैला अत्याधिक उत्पादन हुने वस्तु भनि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रतिबन्ध लगाएको कुनै वस्तु उत्पादन तथा बिक्रि वितरण गर्ने,

(त) फोहरमैला व्यवस्थापन ऐन, २०६८ दफा ४४ विपरित रासायनिक विषादीको आयात गर्ने वा म्याद नाघेको, समयावधि सकिएको औषधी नष्ट गर्ने जिम्मेवारी पूरा नगरेमा,

(थ) स्रोतमै फोहरमैलाको पृथकीकरण नगरी यसै कार्यविधिको दफा ६ को विपरित फोहरमैला मिसाएर निष्काशन गरेमा,

(द) मरेको वार मारेको पशुपंछी र सोको लादी, प्वाँख, हड्डी तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, सडक, चोकमा राख्ने, फाल्ने वा थुपार्ने,

(ध) पैदल तथा निजी वा सार्वजनिक यातायातका यात्रुले जथाभावी फोहर फाल्ने,

(न) चरोट तथा सुर्तिजन्य (पान गुटका आदि) जस्ता वस्तु फोहर जथाभावी फल्ने,

(प) घर पालुवा पशुपंछीलाई छाडा छाड्ने तथा अनुमति वेगर व्यवसायिक पशुपंछी पालन गर्ने तथा सडक तथा अन्य सार्वजनिक स्थलमा बाँध्ने।

**<u>१०. सजायः</u>** (१) दफा ९ को खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाबाट खटाएको अनुगमन टोली वा वडा कार्यालयले पहिलो पटक भए पाँच सय रुपैयासम्म जरिवाना, सोही कसुर पटक पटक दोहोराएमा पटकै पिच्छे दोब्बर जरिवाना गरी फोहोरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ।

(२) दफा ९ को खण्ड (ख) र (झ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा वडा कार्यालयले पाँच सय रुपैया देखि तीन हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा ९ को खण्ड (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाले  दुई हजार रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना गरी कण्टेनर वा वा सङ्कलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ।

(४) दफा ९ को खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले पाँच हजार रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्तो कार्य गर्न रोक लगाउन सक्नेछ भने शर्त उलङ्घन गरी वडा कार्यालयलाई पूर्व जानकारी नदिई फोहोरमैला समयमा सङ्कलन नगरेको भन्ने फोहोर व्यवस्थापन समितिले ठहर गरेमा उल्लेखित जरिवानाका अतिरिक्त व्यवस्थापन खर्च समेत सम्बन्धित पक्षबाट असुल उपर गरिनेछ।

(५) दफा ९ को खण्ड (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले दुई हजार पाँच सय रुपैया देखि दश हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ

र त्यस्तो वस्तु वा पदार्थबाट कुनै क्षति भैसकेको भए त्यस्तो क्षति बापतको रकम समेत कसूरदारबाट असुल उपर गरिनेछ।

(६) दफा ९ को खण्ड (छ), (ज) र (द) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले प्रथम पटक एक हजार रुपैया देखि दश हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ। सोही कसूर दोहोराएमा दोब्बर जरिवाना गर्न सक्नेछ।

(७) दफा ९ को खण्ड (ञ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले पाँच हजार रुपैया देखि  पचास हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

(८) दफा ९ को खण्ड (ट), (ठ) र (त) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले दुई हजार पाँच सय रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा पहिलो पटक गरेमा दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ।

(९) दफा ९ को खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले पाँच हजार रुपैया देखि पच्चीस हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ।

(१०) दफा ९ को खण्ड (ण) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाले "फोहोरमैला व्यवस्थापन ऐन, २०६८ (दोस्रो संशोधन, २०७५) बमोजिमको सजायको लागि जल्ला प्रशासन कार्यालय लेखि पठाउन सक्नेछ।

(११) दफा ९ को खण्ड (थ), (ध) र (न) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले

पहिलो पटक एक सय रुपैया जरिवाना गर्न सक्नेछ र सोही कसूर पुनः गरेमा प्रत्येक पटक एक सय रुपैया बृद्धि गरी जरिवाना सक्नेछ।

(१२) माथि जे सुकै लेखिएको भएता पनि दफा ९ मा उल्लेखित कसूरहरु गर्नेलाई पाँच हजार रुपैयासम्मको जरिवाना सम्बन्धित वडा कार्यालयले प्रअसुल उपर गर्नेछ भने सो भन्दा माथिको जरिवानाको हकमा वडा समितले जरिवानाको प्रस्ताव गरी गाउँपालिकामा सिफारिस गर्नेछ। गाउँपालिकाले जाँचबुझ गरी गाउँपालिका अध्यक्ष समक्ष पेश गर्नेछ र गाउँपालिका अध्यक्षको निर्णय बमोजिम जरिवाना गरिनेछ। त्येक पटक एक सय रुपैया जरिवाना गर्न सक्नेछ। सोही कसूर दोहोराएमा प्रत्येक पटक एक सय रुपैया बृद्धि गरी जरिवाना गर्न सक्नेछ।

(१३) दफा ९ को खण्ड (प) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले सडकमा बाँधिएका पशु चदपायाको हकमा प्रथम पटकका लागि प्रति पशु चौपाया एक सय रुपैया दोस्रो पटक गरेमा दोब्बर जरिवाना र अटेर गरेमा पटकै पिच्छे पाँच सय जरिवाना वडा कार्यालय वा गाउँपालिकाबाट खटिई गएको निरीक्षण टोलिले गर्नेछ।

**११. सेवा सुविधा तथा ऋण करोबार रोक्का गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम तोकिएको सेवा शुल्क र दण्ड जरिवाना नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिको गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजको नाममा घर जग्गा बिक्री वा कुनै बैंकबाट भैरहेको ऋण कारोवार रोक्का गर्नको लागि फोहरमैला

व्यवस्थापन समितिले गाउँपालिमा सिफारिस गरेमा गाउँपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ। तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ।

(२) उपदफा (१) बमोजिम लेखी आएमा त्यस्तो सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

## परिच्छेद-६

## स्वास्थ्य संस्थाजन्य तथा हानिकारक फोहर व्यवस्थापन

**१२. स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापनः** (१) स्वास्थ्य संस्था स्थापना गर्नको लागि प्रचलित कानून बमोजिम अनुमति दिने निकायले त्यस्तो स्वास्थ्य संस्था स्थापना तथा संचालनको लागि अनुमति दिनु पूर्व फोहरमैला व्यवस्थापन सम्बन्धी उपयुक्त व्यवस्था गरे वा नगरेको यकिन गरी उपयुक्त व्यवस्था गरेको भएमा मात्र अनुमति दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा स्वास्थ्य संस्थाले फोहरमैला व्यवस्थापन सम्बन्धमा पालना गर्नु पर्ने विशेष शर्त वा कायम गर्नु पर्ने मापदण्ड समेत तोकिदिन सक्नेछ।

**१३. रासायनिक विषादी सम्बन्धी व्यवस्थाः** (१) रासायनिक विषादीको आयात गर्दा तोकिए बमोजिमको मापदण्डको अधिनमा रही गर्नु पर्नेछ।

(२) समयावधि सकिएको रासायनिक विषादी तोकिएको मापदण्डको अधिनमा रही नष्ट गर्ने जिम्मेवारी सम्बन्धित व्यक्ति वा संस्थाको हुनेछ।

## परिच्छेद-७

## प्रोत्साहन तथा सेवा व्यवस्थापन

**१४. पुरस्कार दिन सकिनेः** (१) फोहरमैला व्यवस्थापनका लागि नविनतम् अवधारणाहरुको विकास गर्ने, त्यस्तो कार्यलाई प्रोत्साहित गर्ने तथा फोहरमैला व्यवस्थापन कार्यमा योगदान गर्ने व्यक्ति वा संस्था वा फर्मलाई वडा स्तरीय सरसफाई समितिको सिफारिसमा गाउँपालिका वा वडा कार्यालयले सरसफाई व्यवस्थापन विशेष अनुदान वा सम्मान स्वरुप उपयुक्त पुरस्कार दिन सक्नेछ।

(२) यस कार्यविधिको प्रतिकूल हुने गरी जथाभावी फोहरमैला राख्ने, थुपार्ने वा फाल्ने व्यक्तिको बारेमा प्रमाण सहित उजुरी दिने व्यक्तिलाई गाउँपालिका वा सम्बन्धित वडाले सम्मान वा पुरस्कृत गर्न सक्नेछ।

(३) वडा समिति, टोल विकास संस्था र सरोकारवालाको संलग्नतामा अनुसूची-२ बमोजिम सफा र स्वच्छ वडा निर्माणका लागि कार्य सूचीको कार्यान्वयन गर्ने गराउने सबै रोकारवालाहरुको कर्तव्य हुनेछ।

**१५. सरसफाई निरीक्षक तथा सरसफाई कर्मी व्यवस्थापनः** (१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा भएको सरसफाई गतिविधि अनुगमन गर्न, सेवा शुल्क असुली गर्न, स्थलगत निरीक्षणका आधारमा तोकिए बमोजिमको दण्ड सजाय प्रस्ताव गरी कारवाहीका लागि वडा कार्यालय वा गाउँपालिकामा सिफारिस गर्न एक जना सरसफाई निरीक्षक तोक्ने छ। यसरी सरफाई निरीक्षक तोक्न गाउँपालिकामा मौजुदा जनशक्ति अभाव भएमा उठेको सेवा

शुल्कबाट पारिश्रमिक दिने गरी कार्यपालिकाको स्वीकृति लिई सेवा करारमा नियुक्त गर्न सक्नेछ।

(२) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य नीजि क्षेत्र वा गैर सरकारी संस्थाबाट गराउन संभव नभएमा फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने सरसफाईकर्मी उठेको सेवा शुल्कबाट पारिश्रमिक दिने गरी गाउँपालिकाले सेवा करारमा लिई सो कार्य गराउन सक्नेछ।

**१६. फिल्ड प्रतिवेदन पेश गर्नेः** फोहरमैला व्यवस्थापन, सफा र स्वच्छ गाउँपालिका निर्माण कार्यलाई प्रभावकारी बनाउँन अनुसूची-३ बमोजिमको ढाँचामा सरसफाई निरीक्षक वा वडा कार्यालयले फोहरमैला व्यवस्थापन तथा सफा र स्वच्छता सम्बन्धी कार्यको मासिक स्थलगत प्रतिवेदन गाउँपालिकालाई पेश गर्नु पर्नेछ।

**१७. सरसफाई व्यवस्थापन नीजि क्षेत्र वा गैर सरकारी संस्थाबाट गराउन सकिनेः** (१) गाउँपालिकाको निर्णयानुसार सम्पुर्ण गाउँपालिकाको एकमुष्ट वा भिन्ना भिन्नै क्लष्टर बनाई बानून बमोजिम दर्ता भई सम्बन्धित कार्य गर्ने उद्देश्य भएका नीजि क्षेत्र वा गैर सरकारी संस्थाबाट फोहरमैला व्यवस्थापनको कार्य गर्न सकिनेछ।

(२) गाउँपालिका वा सम्बन्धित वडा कार्यालयले नीजि क्षेत्र, गैर सरकारी संस्था वा सामुदायिक क्षेत्रबाट सेवा लिनु परेमा देहायको प्रक्रियापुरा गरी फोहरमैला व्यवस्थापनको सेवा लिनु पर्नेछः

(क) सेवा लिनु पर्ने क्षेत्रको विवरण, सेवा दिए वापत सेवा प्रदायकलाई उपलब्ध गराउन सकिने अनुदान रकम वा सहयोग वा सेवा प्रदायकबाट अपेक्षा गरेको रकम वा सहयोगको विवरण खुलाई "फोहरमैला निर्देशक समिति" को परामर्शमा गाउँपालिकाले कम्तिमा पन्ध्र दिनको म्याद राखी प्रस्ताव आव्हानको सूचना गर्ने।

(ख) सूचना बमोजिम प्राप्त प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन नियम बमोजिमको मूल्याङ्कन समिति मार्फत मूल्याङ्कन गराई सारभूत रुपमा प्रभावग्राही प्रस्तावलाई स्वीकृत गरी गाउँ कार्यपालिकाको कार्यालयले काममा लगाउने।

(ग) सेवा प्रदायक संस्थाबाट फोहरमैला व्यवस्थापनको सेवा लिएको हकमा अनिवार्य रुपमा अनुसूची-१ बमोजिमको सेवा शुल्क गाउँपालिकाले असुल उपर गरी गाउँपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेछ।

(घ) फोहरमैला सेवा शुल्कबाट असुल भएको रकमबाट सेवा प्रदायकले पाउने हिस्सा कटाई बाँकी रहेको रकम गाउँपालिकाले फवहरमैला व्यवस्थापन तथा सरसफाई प्रवर्द्धनको क्षेत्रमा लगानी गर्नु पर्नेछ।

**१८. खारेजी र बचाउः** गाउँपालिकाले यस अगाडि गरेका फोहरमैला व्यवस्थापन सम्बन्धी काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

## अनुसूची-१
(दफा ७ को उपदफा (४) र दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

घरधुरी एवं व्यवसायिक/औद्योगिक फर्मले मासिक बुझाउनु पर्ने फोहरमैला व्यवस्थापन सेवा शुल्क

| क्र.सं. | सेवा लिनेको किसिम | सेवा शुल्क दर प्रतिमहिना | कैफियत |
|---|---|---|---|
| १ | प्रति घरधुरी | ५० | |
| २ | अटो मोवाइल्स तथा ग्यारेज | २०० | |
| ३ | क्लिनिक, भेट स्न्टर तथा औषधी व्यवसायी | २०० | |
| ३ | ब्रोइलर कुखुरा फर्म तथा फ्रेस हाउस | २०० | |
| ४ | लज सहित होटल व्यवसायी | २०० | |
| ५ | चिया नास्ता होटल | १०० | |
| ६ | काँचो कपडा, फेन्सी तथा जुत्ता चप्पल व्यवसाय | २०० | |
| ७ | टेलर्स, हेयर सैलुन तथा व्युटिपार्लर | २०० | |
| ८ | मदिरा तथा कोल्ड स्टोर | २०० | |
| ९ | खाद्यान्न तथा होलसेल पसल | ३०० | |
| १० | आर्ट व्ववसायी, छापाखाना तथा फोटो स्टुडियो | १०० | |

| | | | |
|---|---|---|---|
| ११ | मेटल वर्कसप (ग्रिल सटर निर्माण तथा मर्मत) | ३०० | |
| १२ | स्टील, काठ, फर्निचर तथा कार्पेट व्यवसायी | ३०० | |
| १३ | हार्डवेयर (सिमेन्ट सरिया जस्ता निर्माण सामग्री) पसल | ३०० | |
| १४ | सुन पसल | २०० | |
| १५ | मोवाइल, इलेक्ट्रोनिक्स तथा विद्युत सामग्री पसल | २०० | |
| १६ | भाँडा पसल | २०० | |
| १७ | फलफुल तथा तरकारी पसल | १०० | |
| १८ | स्टेशनरी व्यवसायी | १०० | |
| १९ | इन्धन खुद्रा बिक्री व्यवसायी | १०० | |
| २० | कवाडी संकलन केन्द्र | २०० | |
| २१ | संरचना एवम् घर निर्माण तथा मर्मत सम्भार गर्दा निष्कासित फोहरको वडा कार्यालय वा गाउँपालिका वा फोहरमैला व्यवस्थापन सेवा प्रदायक संस्थालाई घरधनी वा फोहर निष्कासनकर्ताले बुझाउनु सेवा शुल्क | | |
| क | १ पावर टेलर वा सो भन्दा कम | २५० | |
| ख | २ पावर टेलर | ४०० | |
| ग | ३ पावर टेलर | ६०० | |
| घ | १ टेक्टर | १००० | |
| ङ | १ टेक्टर भन्दा बढी भएमा प्रति | १००० | |

| | | | |
|---|---|---|---|
| | टेक्टर थप | | |

अनुसूची-२

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

**सरसफाइ युक्त तथा स्वच्छ गाउँपालिका (Clean & Sanitation Friendly Rural Municipality)** का **कार्यसूची (Action Agenda)**

## १. नीति, योजना र सुशासन

- सरसफाइ तथा फोहरमैला व्यवस्थापन नीति, ऐन र कार्यविधि तर्जुमा/अद्यावधिक
- गाउँपालिका स्तरीय सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार
- वार्षिक/बहुवर्षीय बजेटमा सरसफाइलाई प्राथमिकता
- वडा–वडामा सरसफाइ फोकल पर्सन तोक्ने

## २. खुला दिसामुक्त (ODF) र पूर्ण सरसफाइ

- सबै घरधुरीमा सुधारिएको शौचालयको पहुँच
- ODF घोषणा भएका वडाको दिगोपन सुनिश्चित
- सार्वजनिक स्थल, विद्यालय, स्वास्थ्य संस्थामा शौचालय

- हात धुने स्थल (साबुन/पानी) को व्यवस्था

## ३. फोहरमैला व्यवस्थापन

- घरमै फोहर छुट्याउने अभ्यास (जैविक/अजैविक)
- ढुवानी, संकलन र सुरक्षित निस्तारण प्रणाली
- कम्पोस्ट मल उत्पादन र प्रयोग प्रवर्द्धन
- प्लास्टिक तथा एकल प्रयोग प्लास्टिक न्यूनिकरण
- रिसाइकल/रियुज प्रवर्द्धन

## ४. खानेपानी, सरसफाइ र स्वच्छता (WASH)

- सुरक्षित र पर्याप्त खानेपानीको पहुँच
- पानीको गुणस्तर परीक्षण (नियमित)
- ढल व्यवस्थापन तथा नाली सुधार
- वर्षा पानी संकलन प्रवर्द्धन

## ५. व्यवहार परिवर्तन तथा जनचेतना

- समुदायमा सरसफाइ सम्बन्धी अभियान
- विद्यालयमा WASH शिक्षा
- महिला, बालबालिका, अपांगता भएका व्यक्तिको सहभागिता
- मासिक सरसफाइ अभियान/स्वच्छता दिवस

## ६. संस्थागत संयन्त्र र साझेदारी

- वडा स्तरीय सरसफाइ समिति गठन/सक्रिय
- आमा समूह, युवा क्लब, TLO सँग सहकार्य
- निजी क्षेत्र र गैरसरकारी संस्थासँग साझेदारी

## ७. वातावरण संरक्षण र हरियाली

- खुला स्थान, सडक छेउ सफाइ र हरियाली
- फोहरबाट पानी/माटो प्रदूषण नियन्त्रण
- जैविक कृषि र वातावरणमैत्री अभ्यास

## ८. अनुगमन, मूल्यांकन र प्रमाणीकरण

- सूचकमा आधारित अनुगमन प्रणाली
- सरसफाइ युक्त वडा/गाउँपालिका प्रमाणीकरण
- नियमित प्रगति प्रतिवेदन र सुधार योजना

अनुसूची-३

(दफा १६ सँग सम्बन्धित)

# फिल्ड प्रतिवेदन

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

शिवालय गाउँपालिका

सिमा, जाजरकोट।

विषयः मासिक प्रतिवेदन पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा .......... सालको ........... महिनामा शिवालय गाउँपालिकाको सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यको मासिक प्रतिवेदन विवरण निम्नानुसार पेश गरेको व्यहोरा अनुरोध छ।

तपसिल

१) सरसफाई तथा फोहरमैला व्यवस्थापन गरिएका वडा तथा टोलहरु

क) ............. ख) ........

ग) ............ घ) .........

ङ) ............ च) .........

ज) ........... झ) ............

२) समय अवधिः

३) प्रयोग भएका ढुवानी साधन र संख्याः

४) सरसफाई तथा फोहरमैला व्यवस्थापनमा संलग्न जनशक्ति र नामः

५) सरसफाई गरिएको फोहर संकलनको परिमाणः

६) मरेको पशु चौपाया व्यवस्थापनको संख्याः

७) पटके फोहर (निर्माण सामग्री) संकलनः ............ ट्रिप

८) तत्काल फोहर व्यवस्थापन गर्नु पर्ने देखिएको स्थल र फोहरको प्रकृतिः

९) नागरिकको गुनासोः

१०) निरीक्षणको क्रममा कुनै कारवाही गरिएको भए सो को विवरणः

**प्रतिवेदन पेश गर्नेको**

**नामः**

**पदः**

**दस्तखतः**

आज्ञाले
गोपाल शाही
प्रमुख प्रशासकीय अधिकृत